दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३६ | अंक २८१ | बुटवल | २०८१ असोज २१, गते सोमबार | नेपाल संवत ११४४ | Monday Oct. 07, 2024 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

**हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं**

तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।

**सुपर काइनेटिक कुरियर्स सर्भिस**

ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोन:- ०७१५४२५७१

## संस्थापक सम्पादक कार्कीको श्रद्धाञ्जली सभा



बुटवल । दैनिक लुम्बिनी र राष्ट्रिय स्वाधीनताका लागि नागरिक मञ्च रुपन्देहीको आयोजनामा दैनिक लुम्बिनीका संस्थापक सम्पादक कर्णबहादुर कार्कीको निधनको नवौं दिनको पुण्य तिथिमा श्रद्धाञ्जली सभा भएको छ ।

बुटवलमा भएको श्रद्धाञ्जली सभामा बोल्ने वक्ताहरुले स्वर्गीय कार्कीले लोकतन्त्र र आवाजविहीन नागरिकको पक्षमा पत्रकारिता र आन्दोलनमार्फत् गरेको योगदान सधैँ अविस्मरणीय रहने बताए । राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसीले स्वर्गीय कार्कीले पञ्चायती व्यवस्था र राजतन्त्रविरुद्ध पत्रकारितामार्फत् महत्वपूर्ण योगदान गरेको स्मरण गरे ।

कार्की लोकतन्त्र र आम नागरिकविरुद्ध हुने अन्याय अत्याचारविरुद्ध लड्ने प्रतिबद्ध व्यक्ति भएको केसीले बताए । नेता केसीले जीवनकालमा गरेका राम्रा कामको मूल्यांकन मृत्युपछि पनि हुने भन्दै कार्कीका असल कामबाट सबैले सिक्नुपर्ने बताए । राजनीति गर्ने नेता, मिडिया र नागरिकको इमान्दार भूमिकाले मात्रै समाज बदलिने उल्लेख गर्दै नेता केसीले अहिलेको राजनीति कमाउने र धनी हुने व्यापार जस्तो भएको र नेताहरुको यस्तै प्रवृत्तिले लोकतन्त्रका पक्षपाति हौं भन्ने नेताबाटै लोकतन्त्र खतरामा रहेको बताए ।

शक्ति राष्ट्रहरुको स्वार्थ र एजेण्डामा ठूला दलहरू चल्दा सरकार फेरबदल भइरहेको उनले बताए । राष्ट्रियता कमजोर बनेको र देश रहने हो कि होइन भन्ने संकटग्रस्त अवस्थामा पुगेको उनले बताए ।

सो अवसरमा दैनिक लुम्बिनीका अध्यक्ष मोहन चापागाईंले स्वर्गीय कार्कीले पत्रकारिताको संस्थागत विकास र विभिन्न आन्दोलनमार्फत् समाजमा पुराएको योगदानलाई पत्रिका परिवारले सधैँ सम्झिरहने बताए ।

कार्यक्रममा नेपाल कम्युनिष्ट पार्टीका केन्द्रीय सदस्य वसन्त श्रेष्ठ, क्रान्तिकारी कम्युनिस्ट कृष्णराज पौडेल, लेखक तथा वामपन्थी नेता विनबहादुर कुँवर, लेखक ऋषि आजाद,अधिवक्ता ज्ञानु केसी, पदम कार्कीलगायतले स्वर्गीय कार्की स्वाभिमानी, निर्भिक र क्रान्तिकारी विचारको धनी अनि आवाजविहीनको आवाज रहेको चर्चा गरेका थिए । कार्की विकृति विसंगतिविरुद्ध आवाज उठाउने व्यक्ति भएकाले उनको योगदान बिर्सन नसकिने उनीहरुले बताए ।

# सुनौलीमा नेपालीको घुइँचो, यताका बजार सुनसान

**चाडपर्वका बेलामा मात्रै अबौं रुपैयाँको खद्रा व्यापार नेपालीले सुनौलीमा गर्ने भए पनि त्यसबाट नेपाल सरकारले भने कुनै लाभ लिन सकेको छैन । भन्सार कार्यालयले न्यूनतम मूल्य १०० भन्दा बढीको सामान खरीद गरी ल्याएमा संक्षिप्त प्रज्ञापन लगाउने निर्णय छ, तर राम्रोसँग कार्यान्वयन नहुँदा राज्यले फाइदा लिन सकेको छैन ।**

**मोहम्मद हबिब**

*भैरहवा*



नेपालीको घरदैलोमा दसैँको उल्लास नजिकिँदै गर्दा भारतीय सीमावर्ती बजारमा नेपाली उपभोक्ताको घुइँचो लाग्ने गरेको छ ।

विशेषगरी सीमा क्षेत्रमा रहेका नेपालका ठूला शहरहरूसँग जोडिएका सुनौली, नौतनवा, ककरहवा, भगवानपुरलगायतका भारतीय बजारहरूमा अहिले दिनहुँ नेपाली उपभोक्ताको भीड लाग्न थालेको हो । चिनी र लत्ताकपडा सस्तो पाइने लोभमा भारत जानेहरु अन्य सामानहरू पनि खरिद गरेर आइरहेका छन् ।

सीमावर्ती भारतीय बजारमा नेपाली उपभोक्ताको घुँइचो लागिरहँदा नेपाली बजारहरूमा भने खासै चहलपहल देखिँदैन । नेपाली उपभोक्ताहरू सीमावर्ती बजारमा दैनिक उपभोग्य सामान, चिनी, लत्ताकपडा, तेललगायतका सामग्री खरीद गर्न अत्यधिक रूपमा पुग्ने गरेका छन् ।

एक साता अगाडि मात्रै सिद्धार्थ उद्योग वाणिज्य संघसहित रुपन्देहीका क्रियाशिल चार व्यवसायिक संस्थाहरुले कमजोर भन्सार नियमन र खुल्ला सीमाबाट हुने चोरीनिकासी कारोबारले राजस्व संकलन तथा व्यवसायिक कारोबारमा असर गरेको भन्दै त्यसलाई रोक्न भन्सार कार्यालय तथा जिल्ला प्रशासन कार्यालय रुपन्देहीमा ज्ञापनपत्र बुझाएको अध्यक्ष ठाकुरकुमार श्रेष्ठले बताए ।

व्यक्तिगत रुपमा पनि भन्सार कार्यालयका प्रमुख, सशस्त्र प्रहरी र नेपाल प्रहरीको प्रमुखहरुसँग समस्या राखेको बताउँदै उनले बेलहियामा यात्रु शाखा अगाडि कडाइ गरिए पनि भारतीय व्यवसायीहरुले नै अर्डर लिएर घर-घर सामान पठाउने काम गरिरहेको पाइएको बताए ।

चाडपर्वका बेलामा मात्रै अर्बौं रुपैयाँको खुद्रा व्यापार नेपालीले सुनौलीमा गर्ने भए पनि त्यसबाट नेपाल सरकारले भने कुनै लाभ लिन सकेको छैन । भन्सार कार्यालयले न्यूनतम मूल्य १०० भन्दा बढीको सामान खरीद गरी ल्याएमा संक्षिप्त प्रज्ञापन लगाउने निर्णय छ, तर राम्रोसँग कार्यान्वयन नहुँदा राज्यले फाइदा लिन सकेको छैन । भन्सार कार्यालयले भने नियमपूर्वक काम गरिरहेको दाबी गर्दै आएको छ ।

हाम्रा उपभोक्ता जागरूक नहुँदा वारि र पारि पाइने सामानको मूल्य गुणस्तरको तुलना गर्न नसक्दा खरिदारीका लागि धेरै भारतिने गरेका छन् । यसमा राज्यको नीति पनि कमजोर देखिन्छ ।

रुपन्देही व्यापार संघ, बुटवल उद्योग वाणिज्य संघ, रुपन्देही उद्योग संघ र उद्योग व्यापार संघले बिहीबार संयुक्त रुपमा भैरहवा भन्सार कार्यालय, बेलहियाका प्रमुख भन्सार अधिकृत रामप्रसाद रेग्मी र रुपन्देहीका प्रमुख जिल्ला अधिकारी गणेश अर्याललाई ज्ञापनपत्र बुझाउँदै कडाइकासाथ भन्सार नियमन गर्न आग्रह गरेका थिए । खुल्ला सीमाबाट भइरहेको अवैध कारोबारले सरकारको राजस्व संकलनमा असर गर्नुकासाथै निजी क्षेत्रका व्यवसायीहरुको व्यवसायलाई समेत प्रभाव पारेको बारे ध्यानाकर्षण गराए पनि भारतमा किनमेल गर्न रोक्न सरकारी निकायले पहलकदमी लिएका छैनन् ।

सीमावर्ती सुनौली बजारका छागुर किराना पसलका सञ्चालक भन्छन्-'अहिले दसैँका लागि खरिद गर्न आउने नेपालीहरूको चाप बढी छ । पहिलाभन्दा अहिले ग्राहकहरु बढेका छन्, पर्वको बजार गर्न महिलाहरू धेरै आउने गरेको छन् ।'

सुनौली बजारमा खरिदारी गर्न रूपन्देहीको भैरहवा, बुटवल र अन्य ग्रामीण क्षेत्रका उपभोक्ता मात्र नभइ छिमेकी जिल्ला पाल्पा, गुल्मी, अर्घाखाँचीका उपभोक्ता समेत आउने गरेका छन् ।

सीमावर्ती बजारमा चिनी र कपडाहरू केही सस्तो भए पनि अन्य सामानहरूको मूल्यमा नेपाल र भारतीय बजारमा खासै फरक नरहेको, तर पनि नेपालीहरू त्यतै धाउने गरेको नेपाली व्यवसायीहरु बताउँछन् ।

उपभोक्तामा चेतनाको अभाव छ, सचेत छैनन् सस्तो पाइने भन्दै अखाद्य, गुणस्तरहीन सामान किन्दा समेत उपभोक्ताहरूले थाहा पाउँदैनन् ।

» *बाँकी ३ पेजमा*

मासु पसलहरु पुनःसञ्चालनमा

# उप-महानगरको कारबाहीको भद्र अवज्ञा



**लुम्बिनी संवाददाता**

*बुटवल*

बुटवलका मासु व्यवसायीहरुले बुटवल उप-महानगरले अनुगमनका नाममा व्यवसायीलाई पेशाबाटै विस्थापित गर्न खोजेको भन्दै भद्र अवज्ञा आन्दोलन घोषणा गरेका छन् ।

बाख्रापालक किसान र मासु व्यवसायीको सहभागितामा सार्वजनिक-निजी-उत्पादक साझेदारी (फोर पी) अवधारणामा बधशाला चलाउने पूर्व सहमति तोडेर बुटवल उप-महानगरले टेण्डरमार्फत् निजी कम्पनीलाई दिएपछि व्यवसायी पसल बन्द गरेर आन्दोलनमा थिए ।

व्यवसायीले आइतबार उप-महानगर कार्यालय गेट अगाडि धर्ना र वृहत् सभा गरेर बन्द रहेका पसल सुचारु गरी उप-महानगरको जरिवाना र अन्य कारबाही अवज्ञा गर्ने घोषणा गरेका हुन् । व्यवसायीको आन्दोलनलाई नेकपा एमालेसहित ६ राजनीतिक दलले धर्नामा उपस्थित भएरै ऐक्यबद्धता जनाएका छन् । एमाले, माओवादी केन्द्र, विप्लव नेतृत्वको नेकपा, राष्ट्रिय स्वतन्त्र पार्टी, राष्ट्रिय जनमोर्चा र राप्रपाका नेताहरुले पनि व्यवसायीका सबै माग जायज र न्यायोचित भएको भन्दै आन्दोलनमा ऐक्यबद्धता जाहेर गरे ।

दलका नेताहरु चाडपर्वको मुखमा अनुगमनका नाममा जरिवाना आतंक मच्याएर व्यवसायीमाथि अन्याय भएको भन्दै यसलाई रोकेर सर्वपक्षीय छलफलबाट निकास खोज्न उप-महानगरलाई आग्रह गरे । व्यवसायी र दलहरुका मागलाई बेवास्ता गरेर एकलौटी गरेमा उप-महानगरले ठूलो मूल्य चुकाउनुपर्ने दलहरुले चेतावनी दिए ।

पूर्व सहमति तोडेर आफूहरुलाई धोका दिइएको ठहरसहित व्यवसायीहरु खसी बोका वध गर्न नगएपछि वधशाला सञ्चालनमा समस्या भएको छ । ठेक्का पाएको मुक्तिनाथ लाइभस्टक प्रालिले बुटवलमा आफैँले तीनवटा मासु पसल सञ्चालन गर्दा समेत उपभोक्ता खरिद गर्न नगएपछि ती पसल बन्द भएका छन् ।

त्यसपछि उप-महानगरले चार किल्ला तोकेर बाहिर वध गरेको मासु बेच्न नपाइने कानुन बनेको भन्दै दिनहुँ मासु पसल अनुगमन गरी पहिलोपटक १० हजार, दोस्रोपटक २५ हजार र तेस्रो पटक ५० हजार जरिवाना र त्यसपछि पसल बन्द गर्ने गरी अनुगमनमा कडाइ गरेपछि व्यवसायीले पसल बन्द गरेर आन्दोलनमा थिए ।

व्यवसायी र किसानको मागमा समर्थन जनाउँदै दलहरुले उक्त ऐन अवैज्ञानिक, अपूर्ण, विभेदकारी र स्वतन्त्र ढंगले व्यवसाय गर्न पाउने संवैधानिक अधिकार हनन् गर्ने खालको भएकाले वधशालामा नजाने घोषणा गर्दै उक्त कानुन संशोधनको माग राखेका छन् ।

कानुन बनाउँदा मुख्य सरोकारवाला मासु व्यवसायीसँग पर्याप्त छलफल नगरी खुला प्रतिस्पर्धालाई बन्देज लगाई एउटा निजी कम्पनीलाई अनूकूल हुने गरी बनेको कानुन स्वीकार्य नहुने व्यवसायीको भनाइ छ ।

ऐन संशोधन नहुँदासम्म व्यवसायीले गुणस्तरयुक्त मासुको व्यवसाय निर्वाध सञ्चालन गर्न पाउनुपर्ने मासु व्यवसायी संघ रुपन्देहीका अध्यक्ष विशाल थापाले बताए ।

चाडपर्वको मुखमा व्यवसाय गर्न नपाउने गरी सशस्त्र प्रहरीसहित तीनथरी सुरक्षा निकाय उपस्थित गराएर व्यवसायीमाथि आतंक सिर्जना गरिएकाले यसलाई अस्वीकार गर्ने बताए ।

'सरोकार पक्षसँग छलफलविना बनाइएको कानुनको हवाला दिएर अनुगमन आतंक मच्चाइएको छ, अब अनुगमन र जरिवनाको भद्र अवज्ञा गरी पसल खोल्छौं,' थापाले भने -'गुणस्तरमा सम्झौता गर्दैनौं, तर एउटा निजी कम्पनीको व्यापार गरीदिन हामी बाध्य छैनौं ।' उप-महानगरलाई मासुको गुणस्तरभन्दा निजी कम्पनीको स्वार्थको चिन्ता भएको थापाको आरोप छ ।

व्यवसायीको धर्नामा बोल्दै नेकपा एमालेका रुपन्देही सचिवालय सदस्य राजेन्द्र ढकालले 'फोर पी' मोडलमा चलाउने गरी एमाले सरकारको पालामा वधशाला बनेको बताए । नेपाली कांग्रेसका खेलराज पाण्डेय बुटवलको मेयरमा निर्वाचित भएर आएपछि किसान र मासु व्यवसायीसँग भएको सहमति तोडेर निजी कम्पनीलाई दिएपछि समस्या उत्पन्न भएको ढकालले बताए । उनले व्यवसायीका माग जायज भएकाले आन्दोलनमा एमालेसँगै रहने बताए ।

» *बाँकी ३ पेजमा*

**ओमसतिया गाउँपालिकाको अनुरोध**

- सबै बालबालिकालाई समयमै विद्यालय भर्ना गरी पहुँच सुनिश्चित गरौं ।
- जन्म, मृत्यु, बसाईसराई, विवाह दर्ता, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटना दर्ता समयमै गरौं ।
- मधुमेह, उच्च रक्तचाप र दमजस्ता स्वास्थ्य समस्याको नियमित चेकजाँच गरौं ।
- पानी उमालेर मात्र पिउने गरौं ।
- वन, वातावरण, वन्यजन्तु र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- आफ्नो गाउँ-एवम् शहर बजार वरपरको वातावरण सफा राखौं ।
- सबैखालका विभेदको अन्त्य गरौं ।
- नगरपालिकाको कार्यालयमा गई आफ्नो पसल, व्यवसाय दर्ता गरौं ।
- स्वास्थ्यमा कुनै समस्या देखिए तुरुन्तै नजिकैको स्वास्थ्य संस्थामा जाँच गराउन जाऔं ।
- खुल्ला स्थानमा दिसापिसाव नगरौं, चर्पीमा मात्र दिसापिसाव गरौं ।

**विपिन क्षेत्री**
प्रमुख प्रशाकीय अधिकृत

**मन्जित कुमार यादव**
अध्यक्ष

अनुरोधक :
**ओमसतिया गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
रुपन्देही, लुम्बिनी प्रदेश, नेपाल

# हाम्रो दशैं:रमाइलो दशैं

## सम्पादकीय

### लुम्बिनीमा आन्तरिक पर्यटक घट्नुको अन्तर्य

मुलुकको महत्वपूर्ण पर्यटकीय स्थल लुम्बिनीमा सन् २०२४ को जनवरीदेखि अगस्टसम्म ३ लाख ८१ हजार आन्तरिक पर्यटकले भ्रमण गरे। गत वर्ष यही अवधिमा ३ लाख ८१ हजार आन्तरिक पर्यटकले लुम्बिनी भ्रमण गरे। यो तथ्याङ्क हेर्दा लुम्बिनी आउने आन्तरिक पर्यटक चार प्रतिशतले घटे। बाह्य पर्यटकको आगमन भने १२ प्रतिशतले वृद्धि भएको छ।

बाह्य पर्यटक आगमन वृद्धि भए पनि आन्तरिक पर्यटक घट्नुका केही कारण छन्। पहिलो मुलुकमा अर्थतन्त्र चलायमान नहुँदाको असर बजारलाई परेको छ। जसको मार पर्यटन क्षेत्रले पनि व्यहोरेको छ। दोस्रो यातायात सेवा सहज र भरपर्दो नहुँदा लुम्बिनीमा पर्यटक आगमन घटेका हुन्। नारायणगढ-बुटवल सडक निर्माणमा भएको ढिलाइले सडक यातायात असहज छ। काठमाडौं र पूर्वी नेपालबाट आउने सडक नै अस्तव्यस्त भएपछि स्वाभाविक रुपमा पर्यटक घटे। हवाइ यातायात पनि सुरक्षित र सहज अनुभूति हुन सकेको छैन। लगातार जसो केही विमान दुर्घटनाले हवाइ यातायातप्रति विश्वास बढ्न सकेको छैन। गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा विभिन्न देशबाट उडान नहुँदा विमानस्थल पनि चल्न सकेको छैन।

बुटवल-नारायणगढ सडक निर्माणको काम समयमै नसकिंदाको असर बहुआयामिक छन्। देशको अर्थतन्त्रलाई चलायमान बनाउन असर पुगेको छ। राज्यमा थिति र विधि स्थापित नहुँदा यो सडक समयमै बन्न सकेन्। विकास आयोजनाको काम समयमै नसकिंदाको असर यो एउटा उदाहरण हो।

लुम्बिनीमा पर्यटक आगमन बढाउन सडक यातायातलाई भरपर्दो बनाउन आवश्यक छ। बुटवल-नारायणगढ सडकको हविगतले लुम्बिनीको पर्यटक आगमनमा असर गरेपछि अब राज्यले पाठ सिक्नुपर्छ। बुटवल-गोरुसिंगे सडक निर्माणको काम चुस्त हुनुपर्छ। बुटवल-नारायणगढ सडक अस्तव्यस्त भएझैं बुटवल-गोरुसिंगे सडक पनि लथालिङ्ग छाडियो भने लुम्बिनीको पर्यटन क्षेत्रमा असर पर्ने नै छ, मुलुकको प्रमुख लाइफलाइन भद्रगोल पार्दाको असर सरकार, राज्य संयन्त्र र राजनैतिक व्यवस्थाप्रति नै असर पुग्नेछ।



झपेन्द्र जिसी

*अब देवता भनेको के हो ? दशैं पर्वकै सेरोफेरोबाट कुरा गर्ने हो भने रामचन्द्र देवता हुन्, उनी मर्यादा पुरुष हुन्, पुरुषोत्तम हुन्, अयोध्याका कसैले युद्ध गर्न नसक्ने र नजित्ने देशको न्यायी राजा हुन्। भनेर उल्लेख गरेको पाइन्छ। यति हुँदाहुँदै पनि रामचन्द्र कि रानी, सीता–जानकीलाई लङ्काका राजा रावणले अपहरण गऱ्यो र हनुमान को नेतृत्वमा वानर सेना (श्रमिक हुनुपर्छ)लाई प्रयोग गरेर लंकाबाट सीताको उद्धार गरियो। रामचन्द्रको यसरी विजय भएपछि, विजयको उपलक्ष्यमा दशैं पर्व मनाउन थालिएको बताइन्छ। रामचन्द्र समतेले देवी दुर्गाको आरधना प्रार्थना 'या देवी सर्व भूतेषु शक्ति रुपेण संस्थिता' नमस्तस्यै नमस्तस्यै नमस्तस्यै नमोनम्ःजस्ता गीतगान गरेको र देवीको कृपाले विजय प्राप्त भएको, रावण, सुम्भ निसुम्भ मंहिषासुरलगायत सबै राक्षसको सम्हार भएको उपलक्ष्यमा दशैं पर्व मनाउन थालेको कथा प्रसंग बाल्मीकि रामायण, तुलसीकृत रामयण र भानुभक्तीय रामायणलगायतमा पाइन्छ। यो पंक्तिकारले त रामायण कथा एउटा होइन १०० वटा रामायणको सार पढेको छ। तिनमा भने अलग विश्लेषण छ।*



दशैं पर्व नेपालीको मौलिक पर्व हो। यो पर्वको अवसरमा धार्मिक मान्यता अनुसार ईश्वरीय नारी शक्तिको पूजा अर्चना गरिन्छ। देवी दुर्गाको गाथा गाइन्छ। देवी दुर्गा पनि मान्छेको विश्वासमा उत्पत्ति भएको काल्पनिक रुप नै हो।

सङ्कीर्णतावादी ब्राह्मणवादलाई आत्मसात् गर्ने मान्छेहरुले दशैं पर्व हिन्दूहरुको मात्र चाड पर्व भन्दछन्।

**क्या हो हिन्दू भनेको ?**

सिन्धबाट हिन्द र त्यही हिन्दबाट हिन्दू भनेको वा बनेको वा शब्दको उत्पत्ति भएको हामीलाई थाहा छ।

हिन्दू कुनै ईश्वरीय शब्द होइन, खसोखास होइन। भारत नबन्दै सिन्ध घाटी आसपासबाट उत्पत्ति भएको हिन्दू शब्दलाई र त्यसको आचार व्यवहारलाई हिन्दू धर्म, हिन्दू संस्कृति भन्न मिल्दैन होला। त्यसलाई त सिन्धु घाटीको सभ्यता वा धर्म संस्कृति भनिन्छ। हिन्दु घाटीको सभ्यता भनिएको छैन र नभनिने इतिहास पढे हुन्छ। फारसी भाषामा हिन्दु भनेको चोर, डाँका, लुटाहा, फटाहा, हुल्डवाज हुँदोरहेछ। त्यसैले स्वाभिमानी नेपालीले हिन्दु भनेर आफूलाई चिनाउन पनि लाज लाग्दछ। बुझेको खण्डमा।

हिन्दु शब्दले मूल रुपमा वर्ण व्यवस्थालाई जनाउँछ। हिन्दु भन्नाले ब्राह्मण, क्षत्रीय, वैश्य र शुद्रलाई बुझिन्छ। काठमाडौं उपत्यकाका नेवार जातिमा पनि राजोपाध्याम, उपाध्याय, श्रेष्ठ, प्रधान, बैद्यलाई उच्च जातमा रुपमा र अन्य ६४ उपजातिलाई हलित दलितका रुपमा प्रयोग गरेको पाइन्छ। यस्तै उनीहरुमा पनि छुवाछुत देखिन्छ।

उच्च जात मुखज- मुखबाट जन्मेको, वाहुज क्षत्रीय बाहुबाट जन्मेको (हातबाट) जन्मेको, वैश्य ऊरुज घुंडाबाट जन्मेको र पज्जर पैंतालाबाट जन्मेको भनेर ऋग्वेदको सूक्त ९० देखि ९१ सम्म यसबारे उल्लेख गरिएको पाइन्छ। तैपनि नेपालका हामी दलित हामी गैरदलित सबैले दशैं पर्व मनाउँदै आएका छौं किनकि यो पर्व हाम्रो पर्व हो। मनाउने विधि विधान आफ्नै खालको छ। स्मरणीय छ ऋग्वेदमा उल्लेख गरिए अनुसार पज्जर पैंतालाबाट जन्मिएका भनेर हेपिएका, घृणा गरिएका हामी पञ्जर मुखज मुखबाट जन्मिएका, बाहुजहरु हातबाट जन्मेका र ऊरुज घुँडाबाट जन्मिएका हौं भन्नेहरुको हातबाट दशैंमा टीका जमरा लाउनबाट वञ्चित छौं र हामी पञ्जरहरु कहाँ त उनीहरु आउने कुरै भएन।

**धर्म भनेको के हो ?**

भन्न त सबैले भन्छन् धर्म भनेको दुःख पीडामा परेकालाई सहयोग गर्नु, कुनै जाति, भाषा, संस्कार, संस्कृतिको सम्मान गर्नु, स्नेहपूर्वक समन्वय गर्नु नै धर्म हो भन्दछन्। यो पनि भन्छन्- अझ अठार पुराणको सार भनेकै-अष्टादशे पुराणेषु व्यासस्य वचनद्वयं परोपकार पुण्याय पापाय परपीडनं।

धर्मले जहिले पनि मंगलम् भगवान् विष्णु मंगलम् गरुढध्वज मंगलम् पुण्डरीकक्ष मंगलाय तनोहरि मात्र भनिरहन्छ। त्यसमा नवीनता, गतिशीलता हुँदैन। जडता मात्र हुन्छ। तर संस्कृति अग्रगमनकारी हुन्छ, मानव समाजलाई अग्रगमनतिर डोराउँछ।

अब जुम्ला कालीकोटमा मोटर सडक नबनेको भए का ती स्याउ र हिमाली यार्सागुम्बा त्यहाँबाट निर्यात हुने थिएनन्। तर बाटो निर्माण भएपछि हिमाली जडीबुटी र स्याउहरु निर्यात हुन थाले। यही निर्माण पद्धतिबाट जनताहरु खुसी भएर जनताहरु गाउन, नाच्न थाले।

त्यसैले धर्म र संस्कृतिमा आकाश जमिनको फरक छ।

**दशैं पर्व यथार्थमा धार्मिक पर्व हो कि संस्कृति पर्व ?**

हरेक जात जाति वा मानिसमा जन्म संस्कार उपनयन (ब्रतबन्ध) संस्कार, विवाह पद्धति, मृत्यु संस्कारका विधि विधान ईश्वर प्रदत्त हुन् भन्ने धारणा छ। त्यसैले विभिन्न धर्म संस्कृतिका मानिसले आआफ्नो संस्कार सम्पन्न गर्छन्। गरुढ पुराण सुनाएर किरिया पात्रलाई पुराण अनुसार गर्नु पर्दोरहेछ, नत्र पितृ अलन्तरमा पर्दा रहेछन् र ती मृतात्ममा भूतप्रेत बनेर डराउन दिन आउने रहेछन्, त्यसैले दान दक्षिणा पितृको नाम पारेर गर्नु पर्दोरहेछ भनेर एकातर्फ श्राद्ध तपर्णकर्तालाई कन्भिन्स गर्ने र अर्कोतर्फ आतंकित पार्ने चलन पनि त रहेछ। यसलाई धर्म भनिएको छ। उप्रेत बाहरुले खुबै सुनाउने गर्नु हुन्छ-अष्टादशे पुराणेषु ब्यासस्य वचनं द्वयं परोकार पुण्याय पायाय परपीडनं। भन्नुहुन्छ, तर दलित हलित पण्डितहरुको घाउमा मलमपट्टी लगाउनतिर कहिल्यै सोच्नु हुन्न। यसबाट स्पष्ट हुन्छ, धर्म जड हुन्छ। समाजको गतिशीलता मानवीय आवश्यकता र मागलाई धर्मले सम्बोधन गर्न सक्दैन।

**संस्कृति भनेको क्या हो ?**

उत्पादन पद्धतिको अभिव्यक्ति संस्कृति हो। यो यथाथ धरातलमा आधारित हुन्छ। यथार्थ वस्तुलाई स्वर दिन्छ र निर्जीवलाई सञ्जीवनी दिन्छ। यो गतिशील, प्रगतिशील र प्रगतिवादी पनि हुन्छ।

जस्तैः असारमा वाली गीत र असारे गीत गाउँदै रोपाइँ गरिन्छ। मंसिरमा मंसिरे गीत गाउँदै, बाली भित्र्याइन्छ, भकारी भरिन्छ अन्त्यमा न्वागी खाइन्छ।

जस्तैः धानको बाला झुल्यो हजुर देशै रमाइलो कर्णालीमा बाटो खुल्दा भुइँमा खुट्टा छैन।

मायालुलाई भेट्न जान कुनै चिन्ता छैन

झल्को लाली ओंठको बाटो खुल्यो मोटर चल्यो जुम्ला कालीकोटको।

अर्थात् जुम्ला कालीकोट मोटर बाटो निर्माण भएपछि नै यस खाले सांस्कृतिक स्वर लहरी चले।

दान, भूमिदान, सेजिया (शैप्या) दान ब्राह्मण पुरोहितलाई दिनुपर्दोरहेछ, भन्ने खालको (शास्त्र गरुड पुराण) बनाएका रहेछन्। यसबाट एकातर्फ किरिया पात्रलाई क्षणिक सन्तुष्टि प्राप्त हुने अर्कोतर्फ ब्राह्मण पुरोहित स्थायी रुपमा व्यवसायिक बन्ने अवस्था पनि हाम्रो धर्मशास्त्रभित्र रहेछन्। यसलाई के भन्ने ? दशैंको पूर्व घडीमा सोह्र सरात (श्राद्धमा जुन तृपन्ताम) गरिन्छ, त्यो पनि धर्मसँग गाँसिएको छ। यसलाई के भन्ने ? यो संस्कृति होइन। जुन कुरा सधैं तृपन्ताममा अडिन्छ अग्रगमनकारी हुँदैन, त्यो संस्कृति होइन। सोह्र श्राद्ध नगरी दशैंको टीका लगाए पितृ रिसाउँछन् भन्ने मान्यताले सताएको छ। आफ्ना मृतक बाबुआमा, हजुरबा, हजुरआमालगायत पितृको स्मरण र सम्मान गर्नु स्वाभाविकै भए पनि पिण्ड लडाएर, तृन्ताम भन्ने उप्रेत बालाई दान दक्षिण तन्डुल दिएर हुने यो के हो र ? यसबारे दान दाता पितृलाई प्राप्त हुने के हो ? यसबारे कहिले छलफल गर्ने ? उप्रेतबाहरुलाई फुर्सत छैन। षोढ (सोह्र घडी) पला विताएर श्राद्ध गर्ने भनेर अर्थराउने उप्रेतबाहरुले पढ्ने गरेको शास्त्रीय मान्यतालाई तोडेर सोह्र घरमा गएर श्राद्ध गराउने सबै सोहोर्ने भन्ने मान्यता स्थापित गर्न खोजेको देखिदैछ। यो क्या हो थाहा छैन। देखिएको कुरा यही हो।

यस्ता विषयमा निर्दोष बालकहरु(श्राद्ध कर्ता क्रियाकर्ता) हरुले जिज्ञासाका प्रश्नहरु राखे भन्ने उत्तर कसरी-आउँछन् होला। यस्ता ग्रन्थहरु लेख्ने हाम्रा उप्रेतबाहरुले हाम्रा पितृहरुलाई भटेर आएको पितृलोकमा गई भेटेर आएको हामीले थाहा पाएका छैनौं। उहाँहरु भन्ने गर्नुहुन्छ-सुन बालक ! संस्कृतभाषा सबैभन्दा पुरानो भाषा हो, लिपिमा पनि संस्कृत लिपि पुरानो हो त्यसैले यसलाई देवनागरी लिपि भनिन्छ। विश्व सम्पदा सूचीमा सूचीकृत संस्कृत भाषामा देवताका वाणीहरु छापिएका छन्।

लिपि र अक्षरको आविष्कार भएको त इ.पू.छैठौं शताब्दीमा देखिन्छ। किनकि सिद्धार्थ गौतमबुद्धको जन्म हाम्रै लुम्बिनी ५६३ मा भएको हो। र, उहाँले बुद्धको पालामा लेखिने लिपि ब्राह्मी लिपि र बुद्धले देसना(उपदेश) दिने गरेको भाषा पाली भाषा हो। यही ब्राह्मी लिपिमा सम्राट अशोकले पाली भाषामा लुम्बिनीको अशोक स्तम्भमा आफू लुम्बिनी आएको लेखेका छन्।

अब देवता भनेको के हो ? दशैं पर्वकै सेरोफेरोबाट कुरा गर्ने हो भने रामचन्द्र देवता हुन्, उनी मर्यादा पुरुष हुन्, पुरुषोत्तम हुन्, अयोध्याका कसैले युद्ध गर्न नसक्ने र नजित्ने देशको न्यायी राजा हुन्। भनेर उल्लेख गरेको पाइन्छ। यति हुँदाहुँदै पनि रामचन्द्र कि रानी, सीता-जानकीलाई लङ्काका राजा रावणले अपहरण गऱ्यो र हनुमान को नेतृत्वमा वानर सेना (श्रमिक हुनुपर्छ )लाई प्रयोग गरेर लंकाबाट सीताको उद्धार गरियो। रामचन्द्रको यसरी विजय भएपछि, विजयको उपलक्ष्यमा दशैं पर्व मनाउन थालिएको बताइन्छ। रामचन्द्र समतेले देवी दुर्गाको आरधना प्रार्थना 'या देवी सर्व भूतेषु शक्ति रुपेण संस्थिता' नमस्तस्यै नमस्तस्यै नमस्तस्यै नमोनमःजस्ता गीतगान गरेको र देवीको कृपाले विजय प्राप्त भएको, रावण, सुम्भ निसुम्भ मंहिषासुरलगायत सबै राक्षसको सम्हार भएको उपलक्ष्यमा दशैं पर्व मनाउन थालेको कथा प्रसंग बाल्मीकि रामायण, तुलसीकृत रामयण र भानुभक्तीय रामायणलगायतमा पाइन्छ। यो पंक्तिकारले त रामायण कथा एउटा होइन १०० वटा रामायणको सार पढेको छ। तिनमा भने अलग विश्लेषण छ।

## नेप्से परिसूचकमा ५६ अङ्कको वृद्धि



काठमाडौं। धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक आइतबार उकालो लागेको छ। नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक ५६ दशमलव शून्य नौ अङ्कले उकालो लागेर दुई हजार छ सय ५३ दशमलव ५८ मा पुगेको छ।

ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक नौ दशमलव ७५ अङ्कले उकालो लागेर चार सय ७६ दशमलव ४६ मा पुगेको छ। कारोबार भएका १३ उपसमूहको शेयर मूल्य नै बढेको छ।

कारोबारमा कूल एक करोड ५० लाख ४६ हजार सात सय १० कित्ता शेयर रु छ अर्ब १३ करोड ८२ लाख छ हजार सात सय पाँच मूल्यमा कारोबार भएको छ।

नेप्सेका अनुसार, न्यादी हाइड्रोपावर १०, मध्य भोटेकोशी जलविद्युत् कम्पनी नौ दशमलव ७६, इस्टर्न हाइड्रोपावर नौ दशमलव ६८,गुडबिल फाइनान्स नौ दशमलव २७ र सिनर्जी पावर डेभलपमेन्ट कम्पनीका लगानीकर्ताले आठ दशमलव १४ प्रशितले कमाएका छन्।

यस्तै, विन नेपाल लघुवित्त १०, कुमारी सुलभ योजना नौ दशमलव ४३, एनआइसी एशिया सेलेक्ट फण्ड छ दशमलव ७०, स्वरोजगार लघुवित्त पाँच दशमलव ४९ र उपकार लघुवित्तका लगानीकर्ताले चार दशमलव ४१ प्रतिशले गुमाएका छन्।

## नेपाल र बंगलादेशबिच भएको विद्युत् बिक्री सम्झौताको इप्पानद्वारा स्वागत




काठमाडौं। नेपाल र बङ्गलादेशबिच भएको विद्युत् बिक्री सम्झौता (पिएसए) को स्वतन्त्र ऊर्जा उत्पादकहरुको संस्था, नेपाल (इप्पान) ले स्वागत गरेको छ।

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री दीपक खड्का, राज्यमन्त्री पूर्णबहादुर तामाङ र बङ्गलादेशको अन्तरिम सरकारका जलस्रोत मन्त्री सैयदा रिजवाना हसनको उपस्थितिमा नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ, भारतको एनटीपीसी विद्युत् व्यापार निगम (एनभीभीएन)का प्रमुख कार्यकारी अधिकृत रेनु नारङ र बङ्गलादेश पावर डेभलपमेन्ट बोर्ड (बीपीडीबी) का अध्यक्ष मोहमद रिजाउल करिमबीच भएको यो सम्झौतालाई ऐतिहासिक सम्झौताको रुपमा इप्पानले टिप्पणी गरेको छ।

इप्पानका अध्यक्ष गणेश कार्कीले सम्झौतासँगै अब नेपाल विद्युत् प्राधिकरणले रोकिराखेको विद्युत् खरिद सम्झौता (पीपीए) पूर्णरुपमा खुल्ला गर्नुपर्ने बताए। निजी क्षेत्रलाई विद्युत् निर्यातका लागि अनुमतिपत्र दिने, बैंक तथा वित्तीय संस्थाले ऊर्जामा लगानी बढाउने, सरकारले ऊर्जा उत्पादनका लागि थप सहुलियत घोषणा गर्ने तथा ऊर्जा आयोजना निर्माणका लागि हाल देखिएका नीतिगत, प्रशासनिक तथा प्रक्रियागत समस्याको समाधानका लागि सरकार तत्पर हुनुपर्ने उनको भनाइ छ।

भारत र बङ्गलादेशमा लक्ष्यअनुसारको निर्यातका लागि तत्काल नीतिगत र प्रक्रियागत सुधारका लागि पनि सरकारसँग इप्पानले आग्रह गरेको छ। सन् १९७१ देखि नेपाल र भारतबिच विद्युत् आदानप्रदान भएकोमा सन् २०१४ मा दुई देशबिच विद्युत् व्यापार सम्झौता (पीटीए) भई अल्पकालीन रुपमा विद्युत् व्यापार हुँदै आएकोमा २०८० साल पुस १९ गते भारतसँग १० वर्षमा १० हजार मेगावाट बिजुली निर्यातका लागि दीर्घकालिन सम्झौता भइसकेको छ।

"बङ्गलादेशसँग भएको यो सम्झौताले नेपालको बिजुलीको बजार बङ्गलादेशलाई खुलेको मात्र छैन, दुई देशबिच सरकार-सरकारसँगसँगै निजी-निजी क्षेत्रबिचमा ऊर्जा विकास र विस्तारका लागि सहकार्य, साझेदारी र लगानी आदानप्रदानका लागि बाटो खुलेको छ।"-अध्यक्ष कार्कीले भने।

बङ्गलादेश सरकारले सन् २०३९ भित्र नेपालबाट नौ हजार मेगावाट आयात गर्ने लक्ष्य राखेको छ। नेपाल सरकारले सन् २०३५ सम्म १५ हजार मेगावाट निर्यात गर्ने लक्ष्य राखेकामा पाँच हजार मेगावाट बङ्गलादेश निर्यात गर्ने लक्ष्य राखेको छ। सो लक्ष्य कार्यान्वयनका लागि नेपालको निजी क्षेत्र सधै तयार रहेको पनि उनले जानकारी दिए।

नेपाल बङ्गलादेश ऊर्जा सचिवस्तरीय संयुक्त निर्देशक समिति (जेएससी) को छैटौ बैठकले नेपालको जलविद्युत् क्षेत्रमा लगानीको प्रवर्द्धन गर्नका लागि बङ्गलादेशको निजी क्षेत्रलाई आकर्षित गर्न व्यावसायिक सम्मेलनको आयोजना गरी सम्भावनाको खोजी गर्ने सहमतिले दुई देशका निजी क्षेत्रबिचमा सहकार्य अगाडि बढाउन सहज भएको इप्पानले जनाएको छ।

दुई देशबिच भएको सहमति कार्यान्वयनका लागि नेपालको निजी क्षेत्र तयार रहेको जानकारी दिँदै यसका लागि दुवै देशका निजी क्षेत्रबिचमा आवश्यक संयन्त्र निर्माण गरी अघि बढ्न ठोस वातावरण निर्माण गर्न इप्पानले माग गरको छ।

## सुनौलीमा...

उपभोक्ताहरूले सस्तोको नाममा अखाद्य तथा गुणस्तरहिन सामान खरीद गर्ने गरेका छन् । उपभोक्ताहरू जागरूक नहुँदा र चेतनामा अभिवृद्धि नहुँदासम्म भारतीय बजारमा भन्दा नेपाली बजारमा सामानहरू सस्तो पाइए पनि उपभोक्ता सीमापारी नै ओइरिने गरेका छन् ।

सुनौलीका बजारमा पाइने दैनिक उपभोग्य वस्तुहरू तेल, घिउ गुणस्तरहिन हुने गरेकोले सस्तोको लोभमा प्रयोथ गर्दा स्वास्थ्यमा समेत असर पुग्ने चिकित्सकहरूको भनाइ छ ।

जनचेतनाको अभावले सस्तो पाइने भन्दै दसैँका बेला मात्रै अर्बौं रुपैयाँ सामान्य खरिदारीका नाममा भारतिने गरेको छ । यसले पक्कै पनि नेपालको अर्थतन्त्रलाई फाइदा पुऱ्याउँदैन ।

उद्योग व्यापार संगठनका अध्यक्ष दर्पण श्रेष्ठले नेपालीहरुका प्रमुख चाडपर्वहरु नजिक आएको अवस्थामा पनि नेपाली बजार सुनसान बनेको बताउँदै सीमा क्षेत्रबाट हुने अवैद्य कारोबार नरोकिए नेपाली व्यवसायीले व्यवसाय छाड्न बाध्य हुने बताए । 'हामीले सम्बन्धित निकायलाई दैनिक जसो एउटै कुरा राखिरहेका छौं । हामी सीमामा बस्न नसके पनि स्वयंसेवक राखेर अवैद्य कारोबार रोक्न र भन्सार नियमन गर्न संस्थाले साथ दिने छ ।'-उनले भने ।

नेपाली युवा युवतीहरुले पनि भारतमा गई सामानहरुको प्रचार सामाजिक सञ्जालबाट गरी व्यापारको माध्यम बनाएका छन् । उनीहरुले सामान घर-घर पुऱ्याउँदै आएका छन् । सामाजिक सञ्जालमा पोस्ट गर्ने र अर्डर लिई भारतबाट कपडालगायतका सामान नेपाल अवैध रुपमा भित्रयाउने गरेका छन् ।

व्यवसायीहरुले भारतीय बजार गुल्जार हुने वातावरण सरकारी निकायको कमजोरीका कारण भएको उल्लेख गर्दै देशको अर्थतन्त्र दरिलो पार्न र नेपालको व्यवसायलाई बचाएर लैजानका लागि भन्सार तथा खुल्ला सीमा नियमनमा थप कडाइ गर्दै जानु पर्ने बताएका छन् । अर्थतन्त्रमा मन्दी आएको र त्यसको प्रभावले देशका व्यवसायीहरु मारमा परेको बेला राज्य संयन्त्र गम्भीर नबनेको बुटवल उद्योग वाणिज्य संघका अध्यक्ष हरि अर्यालले बताए ।

भैरहवा भन्सार कार्यालयका प्रमुख रामप्रसाद रेग्मीले चेकजाँच कडाइका साथ भइरहेको बताउँदै यात्रु शाखाको निगरानी बढेको बताए । सीमाबाट हुने अवैद्य कारोबार र भन्सार नाकाहरुमा देखिएको सुस्तताप्रति आफू सचेत रहेको बताउँदै चेकजाँच कडाइले यात्रु शाखामा राजस्व संकलन बढेको छ । भन्सार तथा सीमा नियमन कडाइ पहिलाको तुलनामा बढेको छ ।'-उनले भने ।

## उप–महानगरको....

'व्यवसायी र किसानसँगको सम्झौता लत्याएर टेण्डरको नाममा निजी कम्पनीलाई जिम्मा दिएको कुरा एमालेलाई स्वीकार्य छैन,' उनले भने-'वधशाला दीगोरुपमा चलाउन फोर पी मोडलमा फर्किनुको विकल्प छैन ।' प्रदेश सरकार र हेफर इन्टरनेसनलको करोडौं लगानी भएको परियोजनामा बुटवलका मेयरले प्रदेश सरकारको विपक्षमा हुने गरी एकलौटी गरेर जान नसक्ने स्पष्ट पार्दै ढकालले वधशाला सञ्चालनको जिम्मेवारी किसान र व्यवसायीको हातमा ल्याएरै छाड्ने बताए ।

माओवादी केन्द्र बुटवल नगर अध्यक्ष महेन्द्र भुसालले उप-महानगरले निजी कम्पनीको स्वार्थ पूर्ति गर्ने उद्देश्यले अनुगमन आतंक मच्चाएर वर्षौंदेखि चलेका मासु व्यवसायीलाई विस्थापित गर्न खोजेको भन्दै दसैंको मुखमा अनुगमन आतंक र अनुचित हस्तक्षेप बन्द गर्न माग गरे ।

विप्लव नेतृत्वको नेकपाका बुटवल सेक्रेटरी विष्णु बेल्बासेले किसान र व्यवसायीसँग भएको सहमति विपरित टेन्डरमार्फत् निश्चित कम्पनीलाई वधशाला सुम्पिनुभित्र गलत नियत देखिएको र पुँजीपति कम्पनीको सिन्डिकेट लाद्न खोजिएकाले यसविरुद्ध आफ्नो पार्टी उभिने बताए ।

राष्ट्रिय स्वतन्त्र पार्टीका प्रदेश समिति सदस्य महेन्द्र उपाध्यायले व्यवसायीका माग जायज रहेका भन्दै कानुनको आडमा नेपाली नागरिकले आफूले वर्षौंदेखि गर्दै आएको व्यवसाय गर्न पाउने अधिकार खोस्न नपाइने बताए । उनले कानुन संशोधन गर्नुपर्ने औंल्याए ।

राप्रपाका नेता लक्ष्मणप्रसाद श्रेष्ठले उप-महानगरले व्यवसायीलाई संरक्षण गर्नुको साटो विस्थापित गर्न खोज्नु आपत्तिजनक रहेको जनाए ।

बुटवल मासु उत्पादक तथा प्रशोधन प्रालिका अध्यक्ष कृष्ण पौडेलले लुम्बिनी प्रदेशका ६ जिल्लाका करिब ३५ हजार बाख्रापालक महिला किसान र रुपन्देहीका करिब ५ सय मासु व्यवसायी मिलेर फोर पी मोडलमा वधशाला चलाउने अवधारणा र पूर्व सहमति समेत मेयर खेलराज पाण्डेयले तोडेर निजी कम्पनीलाई दिएपछि समस्या उत्पन्न भएको बताए । बुटवल मासु उत्पादक तथा प्रशोधन प्रालिमा ३४ सहकारी, ४ इन्भेष्टमेन्ट कम्पनी गरी ५ हजार १ सय २६ शेयर सदस्य छन् ।

मासु व्यवसायी संघ रुपन्देहीका महासचिव थानेश्वर सुवेदीले राजनीतिक दल, नागरिक समाज र मिडियाको साथले भद्र अवज्ञा आन्दोलन सफल हुने बताए । उनले मासु व्यवसायीले गुणस्तरीय मासुमा कुनै सम्झौता नगर्ने जनाए ।

बजारमा कतिपय दर्ता नभएका पसल समेत सञ्चालनमा रहेकाले तिनलाई दर्ताको दायरामा ल्याउने पहल भइरहेको र बाख्रीको मासुलाई खसी बोका भनेर बेच्ने व्यवसायीका पसल सधैँका लागि बन्द गर्नुपर्ने संघको माग रहे पनि उप-महानगरले जरिवना असुल्दै छुट दिँदै गर्ने अनि व्यवसायीको बद्नाम गर्ने काम भएको महासचिव सुवेदीले स्पष्ट पारे ।

'बाख्रीको मासुलाई खसी बोका भनेर बेचेको पाइए त्यस्ता पसल सधैँका लागि बन्द गराउनुको साटो जरिवाना लिएर पसल सञ्चालन गर्न दिने अनि मिडिया प्रयोग गरेर आम व्यवसायीको बद्नाम गर्ने काम उप-महानगरले रोक्नुपर्छ ।'-उनले भने ।

उप-महानगरले बुटवल उप-महानगरका प्रवक्ता शिव रानाले प्रकृया पूरा गरेरै निजी कम्पनीलाई वधशाला सञ्चालन गर्न दिइएको दाबी गर्दै व्यवसायी र राजनीतिक दलका सरोकारबारे छलफल गरी निकास खोज्न सकिने बताए ।

# जागृती बहुउद्देश्यीय सहकारी संस्थाको साधारणसभा सम्पन्न



बुटवल । जागृती बहुउद्देशीय सहकारी संस्था लि. को २३औं वार्षिक साधारण सभा तथा औं धिवेसन शनिबार सम्पन्न भएको छ । संस्थाका अध्यक्ष श्री रमेशप्रसाद पाण्डेको अध्यक्षता, प्रदेश बचत तथा ऋण सहकारी संघ लुम्बिनी प्रदेशका अध्यक्ष कृष्णप्रसाद नेपालको प्रमुख अतिथ्यता तथा बुटवल उ.प.म.पा.वार्ड नं. ८ का अध्यक्ष यज्ञप्रसाद पंगेनीको विशिष्ट आतिथ्यतामा सम्पन्न भएको थियो ।

२०५३ सालमा दर्ता भएको सहकारीमा हाल १०८९ शेयरधनी रहेका छन् । संस्थाको हाल शेयर पुँजी २,७२,८२,०००.०० बचत १६,४४,१८,२१६.६४ तथा कर्जा १५,००,७७,११६.०४ रहेको छ । संस्थाका सचिव लालप्रसाद बस्यालले सञ्चालन गरेको कार्यक्रममा सञ्चालक समितिको तर्फबाट संस्थाका अध्यक्ष रमेशप्रसाद पाण्डे, लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन संयोजक कृष्णप्रसाद भण्डारी तथा आर्थिक प्रतिवेदन कोषाध्यक्ष लोकनाथ पाण्डेले प्रस्तुत गरेका थिए ।

संयोजक शेषनारायण बस्यालले स्वागत मन्तव्य राखी सुरु भएको सभामा प्रमुख अतिथि नेपालले संस्थाले गरेको विभिन्न रचनात्मक कार्य तथा वार्षिक प्रतिवेदनको प्रसंशा गर्दै वर्तमान समयमा सेयर सदस्य चनाखो भई आफ्नो सहकारीको कारोबार नियमित बुझ्ने तथा आ-आफ्नो क्षेत्रबाट सबैले रचनात्मक सहयोग गर्नुपर्ने भनाइ राखेका थिए ।

कार्यक्रममा असल कारोबार गर्ने सदस्य, बाल बचत कर्ता सदस्य, जेष्ठ सदस्यलगायत विभिन्न परीक्षा उत्तीर्ण हुने शेयरसदस्यका छोराछोरीलाई सम्मान गरिएको थियो ।

सभाले आगामी ४ वर्षको लागि लालप्रसाद बस्यालको अध्यक्षतामा लोकनाथ पाण्डे उपाध्यक्ष, मित्रहरि आचार्य सचिव, हेमन्त कंडेल कोषाध्यक्ष तथा खुमानन्द गौतम, ज्ञानप्रसाद पौडेल, कृष्णप्रसाद पाण्डे, गोविन्दराज पराजुली, कृष्णप्रसाद भण्डारी, बसुन्धरा पन्थी र निर्मला भट्टराई न्यौपाने सदस्य रहेको ११ सदस्यीय सञ्चालक समिति तथा सुरेश भट्टराईको संयोजकत्वमा विष्णु अधिकारी र शिशिर बञ्जाडे सदस्य रहेको ३ सदस्यीय लेखा सुपरीवेक्षण समिति निर्विरोध चयन गरेको छ ।

# दाङबाट चार सय खसीबोका काठमाडौँ पठाइँदै

दाङ । दसैँका लागि यस वर्ष खाद्य व्यवस्था तथा व्यापार कम्पनीले दाङबाट करिब चार सय खसीबोका खरिद गरेर काठमाडौँ पठाएको हो । प्रत्येक वर्ष दाङबाट काठमाडौँ खसीबोका पठाउने गरिएको छ । दाङबाट शुक्रबार एक सय ९३ र शनिबार दुई सय खसीबोका काठमाडौँ पठाइएको खाद्य व्यवस्था तथा व्यापार कम्पनी तुलसीपुरले जनाएको छ ।

जिल्लाबाट केन्द्रीय कार्यालयमा खसीबोका पठाउने र त्यहाँबाट सर्वसाधारणका लागि किनबेच खुला गर्ने गरिएको खाद्य व्यवस्था तथा व्यापार कम्पनीका प्रमुख तिलक सुनारले बताए । उनका अनुसार २० देखि ४० केजी तौलका खसी र १८ देखि ३० केजीसम्मका बोका खरिद गरी काठमाडौँ पठाइएको हो ।

जिउँदो खसी प्रतिकेजीको रु पाँच सय ६० र बोका प्रतिकेजीको रु पाँच ४० को दरमा खरिद गरिएको उनले जानकारी दिए । उनका अनुसार यस वर्ष चार सयमात्र खसीबोका जिल्लाबाट माग भएकाले सोही अनुसार पठाइएको हो ।

गत वर्ष दाङबाट खाद्यले सात सय ५६ वटा खसीबोका खरिद गरी काठमाडौँ पठाएको थियो । यस वर्ष भने वर्षाले गर्दा खरिदबिक्री कम हुनसक्ने आकलन गर्दै चार सय मात्र पठाइएको प्रमुख सुनारले बताए ।


## Siddharthanagar Municipality

**Office of the Municipal Executive**

**Siddharthanagar, Rupandehi**

# Invitation for Bids

**First Date of Publication: 2081-06-21 (7thOctober, 2024)**

1. Siddharthanagar Municipality Office, Siddharthanagar, Rupandehiinviteselectronic bids from duly eligible and qualified registered bidders for the procurement of following works under NCB Bidding Procedure from S.N. 1to2andSealed bids under sealed quotation fromS.N. 3to4, name and identification of contracts are mentioned below though the details are in the bidding document.

| S.N. | Contract Identification No. | Description of work | Estimated Amount inclusive VAT and Provisional Sum without contingency | Bid Document Fee Amount | Bid Security Amount | Pre-Bid Meeting | Bid Submission Deadline | Bid Opening Date |
|---|---|---|---|---|---|---|---|---|
| 1 | SNP/NCB-23/081/082 | Building Construction and Upgrading Work of Mandabya Samaj at Ward No. 09 | NRs. 75,35,175.83 | NRs. 3000 | NRs. 1,80,000.00 (One Lakh Eighty Thousand Only) | 2081-07-11 (27th October, 2024) 11:00 PM | 2081-07-26 (11th November, 2024) Before 12:00 NOON | 2081-07-26 (11th November, 2024) 13:00 PM |
| 2 | SNP/NCB-24/081/082 | Upgrading of Road and other structures at different locations of Ward no. 11 | NRs. 27,40,059.32 | NRs. 3000 | NRs. 65,000.00 (Sixty-Five Thousand Only) | 2081-07-11 (27th October, 2024) 11:00 PM | 2081-07-26 (11th November, 2024) Before 12:00 NOON | 2081-07-26 (11th November, 2024) 13:00 PM |
| 3 | SNP/SQ-13/081/082 | Construction and Upgrading of Siddhartha Gumba & Pugatabhumi Bihar's Infrastructure of Ward No. 04 | NRs. 19,57,267.27 | NRs. 1000 | NRs.45,000.00 (Forty-Five Thousand Only | N/A | 2081-07-07 (23th October, 2024) Before 12:00 NOON | 2081-07-07 (23th October, 2024) 13:00 PM |
| 4 | SNP/SQ-14/081/082 | Upgrading and Construction of Road and school building at BindaBasini adharbut School and Udayapur Magar Sangh way road, Ward no. 09 | NRs. 15,65,453.73 | NRs. 1000 | NRs.35,000.00 (Thirty-Five Thousand Only) | N/A | 2081-07-07 (23th October, 2024) Before 12:00 NOON | 2081-07-07 (23th October, 2024) 13:00 PM |

| Bank Name | Name of Office | Revenue Account Name & No. | Deposit Account Name & No. |
|---|---|---|---|
| Agriculture Development Bank, Siddharthanagar,Rupandehi | Siddharthanagar Municipality, Office of the Municipal Executive Siddharthanagar, Rupandehi | Antarik Rajaswa (revenue) Khata | Dharauti Khata |
| | | 04-146-01145634-20-8 (ga-1-1) | 04-146-01145634-03-8 (ga-3) |

2. Tender Procedures shall follow public procurement act 2063 and public procurement regulation 2064 along with recent amendments.
3. A complete set of Bidding Documents may be purchased from the officeSiddharthanagar Municipality,Office of the Municipal Executive, Siddharthanagar-5, Rupandehiby eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee ofRs.1000.00till 2081-07-06 (22nd October, 2024)under sealed quotation fromS.N. 3to4during office hours in the Project's Rajaswa (revenue) account.
4. Bid Submitted in hardcopy shall not be accepted under NCB Bidding Procedure fromS.N. 1 to2 mentioned above.
5. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
6. Any amendment in the notice or bid documents or for further information please refer to the PPMO's website http://bolpatra.gov.np/egpunder NCB Bidding Procedure fromS.N. 1 to2 mentioned above.Similarly,any amendment in the notice or bid documents will be posted in notice board of this office under sealed quotation fromS.N. 3to 4mentioned above.

**Chief Administrative Officer**



## धितो लिलाम बिक्रीको ३५ दिने सार्वजनिक सूचना ।

**(२०८१/०६/२१ गते सोमबार दैनिक लुम्बिनी राष्ट्रिय दैनिकमा प्रकाशित)**

तपशिलमा उल्लेखित ऋणीहरुले यस संस्थाबाट लिएको ऋण रकमको नियम बमोजिम बुझाउनु पर्ने सावा, ब्याज, थप ब्याज तथा हर्जना समेत नबुझाउनु भएकोले सो रकम तिर्नका लागि ऋणीहरुको नाममा यस संस्थाबाट पटक-पटक मौखिक, लिखित ताकेता गर्दा समेत वेवास्ता गरी तिर्नुपर्ने ऋण रकम तिर्न कुनै प्रकारको तत्परता नदेखाउनु भएकाले राष्ट्रिय दैनिक बुटवल टुडे पत्रिकाबाट कर्जा चुक्ता गर्ने ३५ दिने सूचना प्रकाशित गरिएता पनि संस्थामा सम्पर्क समेत गर्न नआउनु भएको कारण तपाईहरुले संस्थाबाट ऋण लिंदा संस्थालाई उपलब्ध गराउनु भएको तपाईहरुको नामको तपशिल बमोजिमको धितो जेथा लिलाम बिक्री गरी असुल उपर गरिने भएकोले यो ३५ दिने लिलाम बिक्रीको सूचना प्रकाशित गरिएको छ । यो सूचना जारी भएको ३५ दिनभित्र तपाईहरुले यस संस्थाबाट लिएको साँवा र सोको यस संस्थाको नियम र तपाईहरुसंग भएको सम्झौता बमोजिम संस्थामा बुझाउन आउँदाको दिनसम्मको संस्थाको नियमानुसारको ब्याज, हर्जना तथा ऋण असुलीमा लागेको खर्चसमेत सम्पूर्ण रकम तिर्न बुझाउन आउनुहोला । सो अवधिसम्म पनि यस संस्थाबाट लिएको सांवा र संस्थाको नियम र तपाईहरुसंग भएको सम्झौता बमोजिम हुने ब्याज र हर्जना रकम तिर्नु बुझाउनु भएन भने यो सूचना प्रकाशित भएको मितिले ३६ औं दिनमा सो दिन सार्वजनिक बिदा पर्न गएको खण्डमा सोको भोलिपल्ट बिहान ११बजेदेखि दिउँसो ३ बजेसम्म संस्थाको कार्यालय बुटवल-८, सुख्खानगरमा तपाईहरुले यस संस्थालाई ऋण लिंदाका बखत धितो सुरक्षण दिनुभएको तपशिलमा उल्लेखित जायजेथा साथै सोले चर्चेको लिगापात जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा, कानून बमोजिम लिलाम बिक्री गरी असूल उपर गरिनेछ । तपाईंहरुले यस संस्थालाई तिर्नपर्ने रकम सो जायजेथाबाट असुल उपर हुन नसकेको खण्डमा तपाई वा तपाईको एकाघरको परिवारका नाममा नेपाल सरहदभित्र जुनसुकै स्थानमा रहे भएको चलअचल श्री सम्पत्तिबाट प्रचलित कानून अनुसार आवश्यक प्रकृया अपनाइ असुल उपर गरिने व्यहोराऋणी, धितो लेखदिने व्यक्ति, व्यक्तिगत धनजमानी कर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । साथै तपलिशमा उल्लेखित धितो यस संस्थामा सुरक्षण रहेको कारण उल्लेखित मिति र समयमा यसै कार्यालयमा लिलाम बढाबढ हुने भएकोले ईच्छुक सम्पूर्ण सर्वसाधारण महानुभावहरुलाई यसै सूचनाद्धारा जानकारी गराईन्छ ।

तपसिल

| क्र.स. | ऋणीको विवरण | धितोको विवरण | धन जमानी दिनेको विवरण |
|---|---|---|---|
| १ | **नाम : खेम बहादुर कार्की**<br>बावु : गोविन्द बहादुर कार्की<br>बाजे : डम्बर बहादुर कार्की<br>ना.प्र.नं. : २/१६४२२, रुपन्देही<br>ठेगाना : रुपन्देही जिल्ला, चिल्हिया-६,<br>स्थायी ठेगाना भई हाल ओमसतिया गा.पा., वडा नं. १, लखनचोक ।<br>**कर्जा शिर्षक**: व्यापार | रुपन्देही जिल्ला, चिल्हिया-१५, स्थायी ठेगाना भइ हाल ओमसतिया गा.पा., वडा नं. १, लखनचोक बस्ने वर्ष ४२ को श्री खेम बहादुर कार्कीको नाममा मालपोत कार्यालय सिद्धार्थनगरमा दर्ता स्रेस्ता कायम भएको चिल्हिया-६/क को कि.नं.६४५, क्षेत्रफल०-१-३ भएको जग्गा साथै उक्त जग्गाले चर्चेको लिग लगापात समेत । | **नाम : गोपाल लम्साल**<br>बावु : रुद्रनाथ शर्मा<br>बाजे : गंगादत्त लम्साल<br>ना.प्र.नं. : १५२८७, रुपन्देही<br>ठेगाना : रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा., वडानं. ८, सुख्खानगर । |
| २ | **नाम : विमला भाट क्षेत्री**<br>बावु : धनसिंह भाट क्षेत्री<br>पति : दुर्योधन पछाइ क्षेत्री<br>ससुरा : मिन बहादुर पछाइ<br>ना.प्र.नं. : २३०७८, रुपन्देही<br>ठेगाना : रुपन्देही जिल्ला, देवदह-८, स्थायी ठेगाना भइ हाल बुटवल उ.म.न.पा., वडानं. ४, आदर्शनगर ।<br>**कर्जाशिर्षक**: व्यापार | रुपन्देही जिल्ला, देवदह ८, स्थायी ठेगाना भइहाल बुटवल उ.म.न.पा., वडा नं. ४, आदर्शनगर बस्ने वर्ष ४८ की श्रीमती विमला भाट क्षेत्रीको नाममा मालपोत कार्यालय बुटवलमा दर्ता स्रेस्ता कायम भएको बुटवल ८/ग को कि.नं.३४७३, क्षेत्रफल०-०-४ भएको जग्गा र मालपोत कार्यालय सिद्धार्थनगरमा दर्ता स्रेस्ता कायम भएको हाटि बनगाइ ४/क को कि.नं.३१५, क्षेत्रफल ०-०-८ भएकोजग्गा साथै उल्लेखित जग्गाले चर्चेका लिग लगापात समेत । | **नाम : डिल्लीराज अर्याल**<br>बावु : छविलाल अर्याल<br>बाजे : भागिरथ अर्याल<br>ना.प्र.नं. : ७२८४१, रुपन्देही<br>ठेगाना : रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा., वडानं. १०, योगिकुटी । |
| ३ | **नाम : ज्ञानुकला कुँवर क्षेत्री**<br>बावु : रामलाल बस्याल<br>पति : रमेश कुँवर क्षेत्री<br>ससुरा : टोप बहादुर कँवर क्षेत्री<br>ना.प्र.नं.: ३७२०२४/४४३२७, रुपन्देही ।<br>ठेगाना : रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा., वडा नं. ४, आदर्शनगर ।<br>**कर्जा शिर्षक**: जग्गा खरिद | रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा., वडा नं. ४, आदर्शनगर बस्ने वर्ष ५१ की ज्ञानुकला कुँवर क्षेत्रीको नाममा मालपोत कार्यालय रुपन्देहीमा दर्ता स्रेस्ता कायम भएको मक्रहर ४/क को कि.नं.१३६५, क्षेत्रफल ०-०-१२को जग्गा साथै उल्लेखित जग्गाले चर्चेका लिग लगापात समेत । | **नाम : हरिप्रसाद रिमाल**<br>बावु : कृष्णप्रसाद रिमाल<br>बाजे : धनप्रसाद रिमाल<br>ना.प्र.नं. : १७७०४, रुपन्देही<br>ठेगाना : रुपन्देही जिल्ला, तिलोत्तमा न.पा., वडानं. ८, चार नम्बर । |
| ४ | **नाम : मोहन भुसाल**<br>बावु : कमल भुसाल<br>बाजे : हिमलाल भुसाल<br>ना.प्र.नं.:३६६७/३८८२ ,अ.खाँ.।<br>ठेगाना : रुपन्देही जिल्ला, तिलोत्तमा न.पा.,<br>वडा नं. १, आरतीचोक, ड्राइभरटोल ।<br>**कर्जा शिर्षक**: व्यापार । | रुपन्देही जिल्ला, तिलोत्तमा.न.पा., वडा नं. १, आरतीनगर बस्ने वर्ष ४२ को श्री मोहन भुसालको नाममा मालपोत कार्यालय रुपन्देहीमा दर्ता स्रेस्ता कायम भएको सेमलार ६/ ग कोकि.नं. १५०३, क्षेत्रफल०-१-२.५ को जग्गा साथै उल्लेखित जग्गाले चर्चेका लिग लगापात समेत । | **नाम : विष्णुबहादुर के.सी.**<br>बावु : प्रेमबहादुर खत्री<br>बाजे : हिरासिंह खत्री<br>ना.प्र.नं. : ४४७३, गुल्मी<br>ठेगाना : रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा., वडानं. ८, सुख्खानगर । |
| ५ | **नाम : शिव बहादुर पोखेल**<br>बावु : भिम बहादुर पोखेल<br>बाजे : लोक बहादुर पोखेल<br>ना.प्र.नं. : ३९-०१-७५-०३०२५ ,पाल्पा ।<br>ठेगाना : रुपन्देही जिल्ला, तिलोत्तमा न.पा., वडा नं. ३, शंकरनगर ।<br>**कर्जा शिर्षक**: व्यापार । | रुपन्देही जिल्ला, तिलोत्तमा न.पा., वडा नं. ३, शंकरनगर बस्ने वर्ष ४२ को श्री शिव बहादुर पोखेलको नाममा मालपोत कार्यालय रुपन्देहीमा दर्ता स्रेस्ता कायम भएको साडी २ को कि.नं. ९६४, क्षेत्रफल १-१०-० को जग्गा साथै उल्लेखित जग्गाले चर्चेका लिग लगापात समेत । | **नाम : सिता गैरे**<br>बावु : निलकण्ठ गैरे<br>पति : झविन्द्र प्रसाद ढकाल<br>ससुरा : लिलामणि ढकाल<br>ना.प्र.नं. : १०६२८/२५९३, अर्घाखाँची<br>ठेगाना : रुपन्देही जिल्ला, तिलोत्तमा न.पा., वडानं. ३, शंकरनगर । |
| ६ | **नाम : मिना खत्री, पोखरेल**<br>बावु : यम बहादुर खत्री<br>पति : शिव बहादुर पोखरेल<br>ससुरा : भिम बहादुर पोखरेल<br>ना.प्र.नं. : ३९-०१-७१/०५२०६, पाल्पा<br>ठेगाना : रुपन्देही जिल्ला, तिलोत्तम ा न.पा., वडा नं. ३, शंकरनगर ।<br>**कर्जा शिर्षक**: व्यापार । | रुपन्देही जिल्ला, तिलोत्तमा न.पा., वडानं. ३, शंकरनगर बस्ने वर्ष ४२को श्री शिव बहादुर पोखरेलको नाममा मालपोत कार्यालय रुपन्देहीमा दर्ता स्रेस्ता कायम भएको सेमलार ४/ख का कि.नं. १७७१, १७७२ क्रमश क्षेत्रफल ०-०-१०, ०-०-९, पर्रोहा २/क का कि.नं. १४८२, १४८८ का क्रमश क्षेत्रफल ०-०-५, ०-०-४ र तिलोत्तमा न .पा., वडा नं. २, योगिकुटी बस्ने वर्ष ३८ कोबाल कृष्ण कण्डेलको नाममा मालपोत कार्यालय रुपन्देहीमा दर्ता स्रेस्ता कायम भएको सेमलार ४/ख को कि.नं. १४३६, क्षेत्रफल०-०-९.५कोजग्गा साथै उल्लेखित जग्गाहरुले चर्चेका सम्पूर्ण लिग लगापात समेत । | **नाम : सिता गैरे**<br>बावु : निलकण्ठ गैरे<br>पति : झविन्द्र प्रसाद ढकाल<br>ससुरा : लिलामणि ढकाल<br>ना.प्र.नं. : १०६२८/२५९३, अर्घाखाँची<br>ठेगाना : रुपन्देही जिल्ला, तिलोत्तमा न.पा., वडानं. ३, शंकरनगर । |

बुटवल बहुउद्देश्यीय सहकारी संस्था लि.
BUTWAL MULTIPURPOSE CO-OPERATIVE SOCIETY LTD.
बुटवल उप.म.न.पा.-८, सुख्खानगर, रुपन्देही, नेपाल
फोन नं.: ०७१-५४६०५२ ५४२०५२



**ट्वाइलेट सफा गराउनुहोस्**

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, बाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ्ग खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्क: सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२



**ट्वाइलेट सफा गराउनुहोस्**

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्र: लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297



**ट्वाइलेट सफा गराउनुहोस्**

के तपाईको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्क:
तिनाउ सेनेटरी
बुटवल-१०, सुख्खानगर, रुपन्देही,
फोन: ९८५७०५८८१३,९८०७१८०८१३

# प्रदेश प्रमुखलाई प्याब्सन लुम्बिनीको सम्मान



बुटवल। निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन प्याब्सन लुम्बिनी प्रदेशले लुम्बिनी प्रदेशका प्रमुख कृष्णबहादुर घर्तीलाई सम्मान गरेको छ। प्याब्सन प्रदेश समितिको पदाधिकारीको टोली प्रदेश प्रमुखको कार्यालयमै पुगेर सम्मानपत्र र दोसल्लाले सम्मान गरेको हो।

प्रदेश प्रमुख घर्तीले २०४३ सालमा रोल्पामा निजी विद्यालय तुल्सी बोर्डिङ स्कूल स्थापना गरी हालसम्म सञ्चालनमा रहेको र प्याब्सन प्रदेशको सदस्य विद्यालय भएकाले पनि प्रदेश प्रमुखलाई सम्मान गर्न पाउँदा खुशी लागेको प्याब्सन प्रदेश अध्यक्ष लालहरि पाण्डेले बताए।

देशको शिक्षाको स्तर माथि उठाउन निजी शिक्षण संस्थाको भूमिका सरकारीको तुलनामा धेरै गुणा माथि भए पनि राज्यले निजी विद्यालय र त्यहाँ पढ्ने विद्यार्थीलाई सौतेलो व्यवहार गरेको स्मरण गराउँदै अध्यक्ष पाण्डेले शिक्षामा विभेदकारी नीति परिवर्तन गरी समानता ल्याउन आफ्नो ठाउँबाट भूमिका खेल्न आग्रह अध्यक्ष पाण्डेले गरे। प्रदेश प्रमुख घर्तीले आफ्नो पद सेरेमोनियल भएकाले राजकीय भूमिकाबाट नभए पनि व्यक्तिगत हिसाबले निजी विद्यालयको पक्षमा लागिरहने बताए।

सो अवसरमा प्याब्सन केन्द्रिय सदस्यहरू शिवप्रसाद गैरे, टिकाराम न्यौपाने, खेमेन्द्र राना, प्रदेश सचिव धनराज चापागाईं, रुपन्देही अध्यक्ष अनन्तराम शर्मा, कपिलवस्तुका अध्यक्षसुन्दर पान्डे, प्रदेश सदस्य डी.बी थापा, प्याब्सन रुपन्देहीका सह-सचिव हरि ज्ञवालीलगायतले प्रदेश प्रमुखको कार्यकालको शुभकामना व्यक्त गरेका थिए।

हार्दिक शुभकामना
नेपालीहरुको महान चाड विजया दशमी, शुभदीपावली तथा छठ पर्व-२०८१ को पावन अवसरमा सम्पूर्ण उद्योगी, व्यवसायी, संघसंस्था एवम् कर्मचारी, शुभचिन्तक तथा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।
गोविन्द प्रसाद पाण्डे
अध्यक्ष (तथा)
यातायात व्यवस्था सेवा कार्यालय
भैरहवा, रुपन्देही

नेपालीहरुको महान चाड विजया दशमी, शुभदीपावली तथा छठ पर्व-२०८१ को पावन अवसरमा सम्पूर्ण वडाबासी एवम् कर्मचारी, शुभचिन्तक तथा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।
रामग्राम नगरपालिका १ नं वडा कार्यालयको अनुरोध
-सबै बालबालिकालाई समयमै विद्यालय भर्ना गरी पहुँच सुनिश्चित गरौं।
- जन्म, मृत्यु, बसाईसराई, विवाह दर्ता, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटना दर्ता समयमै गरौं।
- पानी उमालेर मात्र पिउने गरौं।
- वन, वातावरण, वन्यजन्तु र सार्वजनिक सम्पतिको संरक्षण गरौं।
- आफ्नो गाउँ-एवम् शहर बजार वरपरको वातावरण सफा राखौं।
- सबैखालका विभेदको अन्त्य गरौं।
- स्वास्थ्यमा कुनै समस्या देखिए तुरुन्तै नजिकैको स्वास्थ्य संस्थामा जाँच गराउन जाऔं।
- खुल्ला स्थानमा दिसापिसाव नगरौं, चर्पीमा मात्र दिसापिसाव गरौं।
अनुरोधक :
रामग्राम नगरपालिका
वडा नं १ को कार्यालय
नवलपरासी, ब.सु.प. लुम्बिनी प्रदेश, नेपाल

हार्दिक शुभकामना
नेपालीहरुको महान चाड विजया दशमी, शुभदीपावली तथा छठ पर्व-२०८१ को पावन अवसरमा सम्पूर्ण ग्राहकवर्ग एवम् शुभचिन्तक तथा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।
राजु श्रेष्ठ
प्रोपाइटर (एवम्)
कलश रेष्टुरेण्ट एण्ड नेवारी खाजा घर
बुटवल-४, पाल्पारोड

हार्दिक शुभकामना
नेपालीहरुको महान चाड विजया दशमी, शुभदीपावली तथा छठ पर्व-२०८१ को पावन अवसरमा सम्पूर्ण सेवाग्राही एवम् शुभचिन्तक तथा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।
मुक्तिप्रसाद पाण्डे
अध्यक्ष (तथा)
यातायात व्यवस्था सेवा कार्यालय परिवार
नवलपरासी,ब.सु.प. लुम्बिनी प्रदेश, नेपाल

हार्दिक शुभकामना
नेपालीहरुको महान चाड विजया दशमी, शुभदीपावली तथा छठ पर्व-२०८१ को पावन अवसरमा सम्पूर्ण उपभोक्ता एवम् शुभचिन्तक तथा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।
किशोर कुमार क्षेत्री
अध्यक्ष (तथा)
आनन्दवन शंकरनगर खानेपानी उपभोक्ता तथा सरसफाई संस्था परिवार
तिलोत्तमा, रुपन्देही

हार्दिक शुभकामना
नेपालीहरुको महान चाड विजया दशमी, शुभदीपावली तथा छठ पर्व-२०८१ को पावन अवसरमा सम्पूर्ण ग्राहकवर्ग एवम् शुभचिन्तक तथा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।
हरि बहादुर सुनार
प्रोपाइटर (एवम्)
प्रतिभा सुनचाँदी पसल
वि.पि. पथ, बुटवल-४, रुपन्देही

बचत गर्ने बानी बसालौं, समयमा ऋण भुक्तानी गरौं, कृषि कार्यमा लगानी बढाऔं।
हार्दिक शुभकामना
नेपालीहरुको महान चाड विजया दशमी, शुभदीपावली तथा छठ पर्व-२०८१ को पावन अवसरमा सम्पूर्ण शेयर सदस्य महानुभावहरु एवम् कर्मचारी, शुभचिन्तक तथा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।
डोर बहादुर भाँक्री — प्रबन्धक
रामप्रसाद चौधरी — अध्यक्ष (तथा)
साना किसान कृषि सहकारी संस्था लि. परिवार
बुद्धभूमि-४, बुड्डी, कपिलवस्तु

हार्दिक शुभकामना
नेपालीहरुको महान चाड विजया दशमी, शुभदीपावली तथा छठ पर्व-२०८१ को पावन अवसरमा सम्पूर्ण संघसंस्था एवम् शुभचिन्तक तथा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।
लुम्बिनी ट्रक यातायात व्यवसायी संघ परिवार
भैरहवा, रुपन्देही

हार्दिक शुभकामना
नेपालीहरुको महान चाड विजया दशमी, शुभदीपावली तथा छठ पर्व-२०८१ को पावन अवसरमा सम्पूर्ण ग्राहकवर्ग एवम् शुभचिन्तक तथा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।
ओम कालिका होमियोप्याथिक अस्पताल
बुटवल-११, कालिकानगर, रुपन्देही

हार्दिक शुभकामना
नेपालीहरुको महान चाड विजया दशमी, शुभदीपावली तथा छठ पर्व-२०८१ को पावन अवसरमा सम्पूर्ण सेवाग्राही एवम् कर्मचारी, शुभचिन्तक तथा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।
नेपाल विद्युत प्राधिकरण
नयाँमिल वितरण केन्द्र
तिलोत्तमा, रुपन्देही

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस्
सम्पर्क:
आइडिया डिजाइनर्स/अफसेट प्रेस
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३
मो.९८५७०३५३८०, ९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

ट्वाइलेट सफा गराउनुहोस्
बुटवल सेनेटरी प्रा.लि.
९७४५४०५९७३, ९८०७४०९८५२
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस्।
मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१८५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइडः www.dainiklumbini.com